# सरस

“वचन सरस होस्, अनि मनसङ्गै तन पनि सहजै हुन्छ सरस,
शान्त सरल यो जीवन जिउने यौटै पावन पन्थ सरस !”

- दुर्गालाल श्रेष्ठ

SKSS - CELEBRATING 36th ANNIVERSARY

## Patrons

SHARAN RATNA STHAPIT
RAJANI STHAPIT SHRESTHA

## EDITORIAL TEAM

Prof. Dr. KRISHNA PRASAD DAHAL
SHIVA HARI SAPKOTA
MADHAV LAMICHHANE
SURAJ KUMAR MALLA THAKURI
PARAS AMATYA
BINAYA STHAPIT


**Concept, Layout & Design**

BINAYA STHAPIT
Media Concept Advertising Agency / Binayak Print & Stationary Supplier
9841221694



शुक्लां ब्रम्हविचारसारपरमामाद्यां जगत्व्यापिनी
वीणा पुस्तक धारिणीमभयदां जाड्यान्धकारापहाम् ।
हस्ते स्फटिकमालिकां विदधतीं पद्मासने संस्थितां
वन्दे तां परमेश्वरी भगवती बुद्धिप्रदां शारदाम् ॥

सरस्वती मया दृष्टा वीणा पुस्तक धारिणी
हंसवाहन संयुक्ता विद्यादानं करोतु मे ।


श्वेत वर्ण भएकी सदा ब्रम्ह चिन्तनमा लीन रहने संसारमा
व्याप्त भएकी त्यस्ती आराध्य देवीको म बन्दना गर्दछु ।
वीणा र पुस्तक हातमा लिएकी, अभय प्रदान गर्ने,
मूर्खतारूपी अन्धकारलाई हरण गर्ने, हातमा स्फटिकको
माला लिएकी पद्मासनमा बस्ने त्यस्ती सरस्वती देवीको
म बन्दना गर्दछु । उनले सद्बुद्धि प्रदान गरून् ।

वीणा र पुस्तक हातमा लिएकी, हाँसको वाहनमा चढेकी
मबाट त्यस्ती देखिएकी सरस्वती देवीले मलाई विद्या प्रदान गरून् ।

I pray Saraswoti, the Supreme Goddess
Glorious Bestower of intelligence - white one,
Thought essence of the absolute, paramount primeval
Pervader of the Universe, bearer of the Veena and Book,
Giver of the assurance of safety, dispeller of the darkness of ignorance
Holding in her hand a crystal rosary and reposing on a lotus.

May Saraswoti, seen by me to be holding a Veena
And a book, and seated on a swan - carriage,
Instill the treasure of knowledge in me!

# ने
# पा
# ल




## "कहिल्यै पनि भुल्ने छैनौं हामी देशको नाम
## चन्द्र सूर्य अंकित झण्डा हाम्रो पहिचान ।"

सरस्वती कुञ्ज

# School Anthem






Devotees of Saraswoti
We bow our heads
To the Motherland Nepal
Offering ourselves

Learning our deed by
Keeping our heed
Glorifying Nation for
Serving our creed

Stand for the unity
Stand for humanity
Future of the country, we
Stand for the dignity


Make a brighter path for
Setting our goals
Keep peace and harmony for
Saving our souls




*- Shivahari Sapkota*

## झण्डाको सम्मान

डा. कृष्णप्रसाद दाहाल





शुभ्र, शान्त भावले नेपाल हामी बोल्दछौं
अनेकतामा एकता स्निग्ध दीप बाल्दछौं ।
अखण्ड शक्ति लिएर यो देशलाई बोक्दछौं
रचेर सुन्दर गीतले नेपाल हामी गाउँछौं ॥

तराई, पहाड, हिमाल यो देश हाम्रो गौरव
विविध भाषा, संस्कृति पाइन्छ यही वैभव ।
नेपाली हामी पुर्खाको वीरतालाई लिएर
चन्द्र, सूर्य झण्डाको सम्मान गर्छौं मिलेर ॥

●●●● ●●●●

## मानिसजस्तै नेपाल

लालगोपाल सुवेदी

छातीमा तराई काँधमा पहाड शिरमा हिमाल
जिउँदोजाग्दो मानिसजस्तै यही हो नेपाल
जय जय नेपाल जय जय नेपाली

नसा नसामा दगुर्ने रगत कोसी र गण्डकी
सुनचाँदीभन्दा किम्मती यहाँ करोडौं जिन्दगी
सबै हौं बुद्ध, सबै हौं वीर राष्ट्रमा छौं जति
हामी हौं हाम्रै पुर्खाको रगत सहिदका सन्तति

बनायौ उड्न मन चरीलाई आकाश विशाल
हामी नै हाम्रो सगरमाथा हामी नै नेपाल
शान्ति र मैत्री गौरवशाली नेपाली पहिचान
नेपाल हाम्रो प्रगति, गति नेपाल स्वाभिमान
जय जय नेपाल ........................ ।



## सरस्वती बन्दना

सरस्वती माता विद्याकी दाता,
ज्ञान-बुद्धि देऊ हामीलाई ।
अज्ञानीलाई विद्या दान दिई,
शरणमा लेऊ सबैलाई ॥

भारती माता विद्याकी दाता,
भक्तिभाव जगाई देऊ हामीलाई ।
गुरु, माता-पितामा श्रद्धा जगाई,
उज्ज्वल ज्ञान देऊ भक्तलाई ॥


शारदा माता विद्याकी दाता,
कोरिदेऊ हाम्रो भाग्यरेखा ।
विद्या दान हामीलाई देऊ,
संसारमा नामी बनाई देऊ ॥

सरस्वती माता विद्याकी दाता,
घटघटमा आई बसिदेऊ ।
आर्शीवाद हामीलाई देऊ,
मुक्तिको बाटो देखाई देऊ ॥

रामहरि खत्री (घिमिरे)
शिक्षक

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

श्री सरस्वती कुञ्ज सेकण्डरी स्कूल, ज्ञानेश्वर काठमाडौंले ३६औं वर्ष प्रवेश अवसरमा सरस नामक स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।
यो विद्यालय स्थापना हुँदा शिक्षाका उद्धेश्य जे थिए अहिले परिवर्तन भएका छन् । त्यतीबेला शिक्षाको मुख्य उद्देश्य साक्षर हुनु थियो । तर अब शिक्षाको उद्देश्य साक्षरताका अतिरिक्त व्यक्तिलाई स्वरोजगार बन्न सक्ने जनशक्ति उत्पादन गर्नु हो ।

देश अहिले विकास र समृद्धिको यात्रामा अघि बढेको छ । यो लक्ष्य हासिल गर्नका लागि सरकारको एक्लो प्रयास सम्भव हुँदैन । त्यस कारण सबै क्षेत्रको यस अभियानमा उतिकै सहयोग आवश्यक पर्दछ । हामीले हाम्रा पाठ्यक्रममा पनि स्वरोजगार, विकास र समृद्धिसँग सम्बन्धित सामग्रीहरू समेटेर विद्यालय तह देखि नै विद्यार्थीहरूलाई यस प्रकारको भावना जागृत गर्नुपर्दछ ।

विद्यालय ३६औं वर्ष प्रवेशको अवसरमा शिक्षक, विद्यार्थी, अभिभावक र सम्पूर्ण विद्यालय परिवारमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

साथै, प्रकाशन हुन लागेको स्मारिकामा प्रकाशित लेख, रचनाहरूले शिक्षक, विद्यार्थी तथा संलग्न सबैमा हौसला तथा ज्ञान, बुद्धि संप्रेषण गर्न लायक सामग्रीहरू प्रकाशन होउन् सबैमा शुभकामना !

बैशाख, २०७५

के.पी. शर्मा ओली

नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको निजी सचिवालय**

सिंहदरबार

फोन नं.: ०१-४२००३५३
फ्याक्स नं.: ०१-४२००३७३

प. सं. : २०७४/०७५

च. नं. :

मिति :२०७५/०१/०३



## शुभकामना ।

सरस्वती कुञ्ज सेकण्डरी स्कूल, ज्ञानेश्वरले आफ्नो स्थापनाको ३५औं वर्षपुरा गरेको अवसरमा 'सरस' नामक स्मारिका प्रकाशन हुन लागेको खबर सुन्न पाउँदा खुसी लागेको छ ।

शिक्षा समृद्धिको आधार हो । यस कोणबाट हेर्दा हरेक नागरिकलाई देश, जनता, श्रम, बिज्ञान र समाजवादप्रति प्रतिबद्ध र समृद्ध निर्माणका लागि समक्ष जनशक्ति विकास गर्नु हाम्रो मुल कार्यभार हो । यसका लागि शिक्षालाई श्रम एवम् स्थानीय अर्थतन्त्र, रोजगारी वृद्धिसँग जोडेर उत्पादनशिल बनाई, राष्ट्र विकाससँग आवद्ध गर्नै पर्छ । यस कुरालाई ध्यान दिएर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अफ्नो शैक्षिक सुधारको मार्गचित्र सार्वजनिक गरेको छ । यो शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा अवलम्वन गरिने बिकासको दृष्टिकोण निर्माणको प्रारम्भिक प्रस्ताव हो । शिक्षाका सबै सरोकारवालाहरूसँगको बृहत अन्तरक्रिया र छलफल पछि मात्र यसलाई संस्लेषण गरी यसलाई अन्तिम रुप दिइनेछ ।

आज हामी सामाजिक न्यायमा आधारित समाजवाद उन्मुख समृद्ध र संघीय व्यवस्था अनुकुलको शिक्षा नीति निर्माणको प्रक्रियामा छौं । मुलतः आमरुपमा शिक्षाले त्यहाँको आर्थिक र राजनीतिक पक्षको सेवा गर्ने हुँदा देश विशेषको विशिष्टताका आधारमा यसको निर्माण हुन्छ र राष्ट्रिय आवश्यकता अनुरुप जनशक्तिको निर्माण गर्न देशको शिक्षाको आम नीति हुन्छ । उत्पादन, वितरण र उपभोग जस्ता आर्थिक प्रकृयालाई ध्यान दिएर राज्यले आफ्नो वर्ग चरित्रको आधारमा ठोस नीति बनाउँछ । तर त्यो नीति बनाइरहँदा शिक्षाको सार्वभौमिक र सर्वकालिन पक्षलाई ध्यान दिनु पर्छ । संज्ञानको शिद्धान्त अर्थात् बोध मान्यताका आधारमा शिक्षा नीति बनाइन्छ । यी नीति बच्चा गर्वाधान देखि उसको हुर्काईको महत्वपूर्ण शैक्षिक अवधिसम्म सघन ढंगले केन्द्रित गरिएको हुन्छ । तर सिक्ने प्रक्रिया मृत्यु पर्यन्त चल्ने हुँदा निरन्तर शिक्षाका मान्यताहरू पनि विकसित भएका छन् । क्रान्तिकारी आन्दोलनको विकास र शिक्षामा गरिएको परिवर्तन र सुधारको परिणाम समेतलाई ध्यान दिँदा शिक्षाले व्यक्तिको वुद्धिको विकास, व्यक्तिको सामाजिकरण र अधिकतम् ज्ञान र अभिव्यक्ति सम्भव बनाउँछ । सारतः यसले मानिसको 'आलोचनात्मक चेत र सिक्ने क्षमता'मा वृद्धि गर्दछ । यस कुरालाई आत्मसात गर्दै म सम्पूर्ण विद्यालय परिवारमा सामाजिक उत्तरदायित्वको बोध सहित शैक्षिक रुपान्तरणको अभियानमा सामेल हुन हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा,

सरस्वती कुञ्ज सेकण्डरी स्कुलको सरस नामक स्मारिक प्रकाशनको सार्थकता र सफलताको शुभकामना !

**गिरिराजमणि पोखरेल**
**मन्त्री**
**शिक्षा, विज्ञान तथा प्रविधि**

विनाकाँटी, सल्क्यो चकमविनै दन्दन बल्यो
कहाँ सल्क्यो आगो घर-घर कठै क्रन्दन चल्यो ।

## सम्पादकीय

# छत्तीसौं वार्षिकोत्सव समारोह

समय बेलगामको घोडा हो । यसलाई कसैले लगाम लगाएर राख्न सक्दैन । सेकेन्ड, मिनट र घण्टा गर्दै समयले वर्षौं वर्षको नेटो काट्दै अगाडि बढिरहेकै हुन्छ । तसर्थ समयसँग जसले हातेमालो गरेर हिड्न सक्यो त्यसले नै सफलताका सौगात प्राप्त गर्न समर्थ भएको हुन्छ ।

सरस्वती कुञ्ज सेकण्डरी स्कुल वि.सं २०७४ साल फागुन २ गतेदेखि पैतीसौं वर्ष पूरा गरेर छत्तीसौं वर्षमा प्रवेश गरेको छ । यो यस वर्षभरि विद्यालयले आफूलाई साढे तीन दशकको महोत्सवको रूपमा प्रस्तुत गर्दैछ । महोत्सवको उपलक्ष्यमा विद्यालयले एक वर्षभरि विविध कार्यक्रम गर्ने भएको छ । खेलकुद, साहित्य, चित्रकला, हाजिरीजवाफ, वक्तृत्वकलाजस्ता कार्यक्रमहरूको तर्जुमा यसले गरिसकेको छ । यो सुखद् कुरा हो । विद्यार्थीहरूलाई पठनपाठनको साथसाथै अतिरिक्त क्रियाकलापको ज्ञान पनि दिनुपर्दछ । शारीरिक र मानसिक दुबै कुराको संयोगद्वारा नै विद्यार्थी भविष्यको लागि सफल र सक्षम कर्णधार बन्न सक्छ । विद्यार्थीहरूको हित भन्नु नै विद्यालयको हित हो ।

छत्तीसौं वार्षिकोत्सव समारोह आफैंमा एउटा पावन शब्द हो । यसले कुनै व्यक्ति वा संस्थाको दीर्घायु र समृद्धिको संकेत गर्दछ । वर्षको निरन्तरता रजत, स्वर्ण र हीरकको आयु प्राप्त गर्न सकिन्छ । उमेरको निरन्तरता सबैले प्राप्त गर्न पाउँदैनन् । कमै भाग्यमानीहरूले मात्रै यस्तो उत्सव महोत्सवहरू मनाउन पाउँदछन् । भनिन्छ - असल सोच, असल व्यवहार र असल कार्य गर्नेहरूले सुखमय दीर्घायु जीवन प्राप्त गर्न सक्दछन् । परोपकारी भावना नभएकाहरूको आयु नष्ट भएर गएको हुन्छ । अतः दीर्घायु जीवन प्राप्त गर्नु पनि ईश्वरीय आर्शीवाद हो । हाम्रा धर्म-शास्त्रहरूले लामो आयुको व्याख्या गरेका छन् । उमेरको सीमारेखा पार गरेर दिर्घजीवी बन्नेहरू ईश्वर समान हुन्छन् भन्ने कथन छ ।

सरस्वती कुञ्जले आफ्नै नाउँ अनुसारको आयु पाएको छ । हुन त सबै विद्यालयहरू सरस्वतीकै मन्दिर हुन् । वाणीको साधना गर्ने ठाउँ तीर्थमय हुन्छ । वाणीमा नै चराचर जगत् अटाएको छ । ज्ञान-विज्ञान सबै वाणीकै देन हुन् । वाणी शाश्वत हुन्छ । अमर हुन्छ । वाणी भन्नु ती नै सरस्वती माता हुन् जसले प्रत्येक मान्छेको जिब्रोमा बास गरेकी छिन् । नयाँ-नयाँ कुराको आविष्कार वाणीबाटै भएको हुन्छ । अपौरूषेय वेद पनि वाणीकै उपज हो । भगवान् विष्णुका वाणीबाट निसृत वेद विश्वको सर्वप्राचीन वैज्ञानिक ग्रन्थ हो । अतः वेद वाणी हुनुको अर्थमा तिनै सरस्वती देवी हुन् ।

सरस्वती कुञ्ज ज्ञानको कुञ्ज हो । वाणीको साधनास्थल हो । यहाँ वाणीसाधकहरूले दिनौं ज्ञान प्राप्तिको यज्ञ गरिरहेका छन् । यस यज्ञका आचार्य हुन् - शरण रत्न स्थापित । ऋत्विक र होताका रूपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रीमती रजनी स्थापित श्रेष्ठ र शिक्षक शिक्षिकाहरू श्रीमती श्रृजना श्रेष्ठ, प्रा.डा. कृष्णप्रसाद दाहाल, श्रीमती राधा लक्ष्मी श्रेष्ठ, श्रीमती वीणा पौडेल एवं अरु विभिन्न पदको दायित्व निर्वाह गरी बस्नुभएका गुरु-गुरुआमाहरू एवं कर्मचारीहरू रहेका छन् भने ज्ञानप्राप्तिको वटुकका स्थानमा विद्यार्थीहरू रहेका छन् । कक्षा नर्सरीदेखि कक्षा बाह्र सम्मका विद्यार्थीहरूले वाणीको साधना गरिरहेका छन् । कयौं वाणी साधकहरूले विद्यालयमा शिक्षा पूरा गरि देश विदेशमा उच्च शिक्षा प्राप्त गरेर आफ्नो दिनचर्यालाई अगाडि बढाइरहेका छन् । यस किसिमको वाणीको फल प्रदान गरेर सरस्वती कुञ्जले आफ्नो छत्तीसौं वार्षिकोत्सव समारोह मनाइरहेको छ । यही छत्तीसौं वार्षिकोत्सवलाई चिरस्मरणीय गराउन छत्तीसौं वार्षिकोत्सव समारोहको स्मारिका प्रकाशन गरेका छौं । आदरणीय शिक्षाप्रेमी महानुभावहरू, अभिभावकज्यूहरू, हामीहरू विद्यालयको छत्तीसौं वार्षिकोत्सव समारोहमा जुटेका छौं । छत्तीसौं वार्षिकोत्सव समारोहलाई के गर्दा भव्य गराउन सकिन्छ ? त्यसका निम्ति सुझावको आशा राखेका छौं ।

जय सरस्वती माता, जय राष्ट्रवाद !

# From Principal's Desk

## Education is a creed to build nation



Dear all,
Education is generally the acquiring of knowledge as well as the skills, which are thoroughly accepted by a given society. On the other hand , the task of nation-building is the implementation of processes that are geared towards recomposing the nation's institutions so that they can reflect the wishes, needs and aspirations of the wider society.

Since education is the pathway to any nation-building enterprise, it provides the following goodies to nation-building:

Elementarily, education creates an enlightened society. This is a crucial prerequisite to nation--building because the more a people become enlightened the more they would refrain from doing practices that will endanger the nation-building efforts. For example, educated elites will always tend to be responsive and responsible citizens. By this I mean, they obey state laws and properties. Without this, no nation-building efforts will be set in earnest.

Nation-building requires a 'meritocratic' bureaucracy in order to make the state's institutions effective. Therefore, with education, the country will have the best human resources that are competent enough to carry the day-to-day affairs of the state. Most states collapse as a result of a low level of education because the human resource is so weak that it is incapable of filling state institutions. But with education, this problem is averted.

Nation-building requires a democratic society that allows the contribution of all, rich or poor. With education, there will always be an increase in democratic participation. This participation will in turn enhance nation-building initiative because the participation of all the citizens is counted in nation-building.

Education is very crucial in the formation of cross-cutting cleavages. Education creates a large middle-class (professionals, teachers, doctors, technicians and others).This class is very important

to nation-building because they provide the necessary expertise that is needed to building a nation. This is the more reason why emphasis has been laid on education because an educated society is always a strong society.

In conclusion, therefore, education correlates with nation-build. Both of them complement each other. A nation cannot be built without education. With education, professionals are nurtured that will enhance nation-building. In the same way, education leads to efficient usage of a nation's resources which in turn is very crucial to nation-building because without efficient usage of a nation's resources, nation-building will not be successful. This is evident in the developed nations. To continue to build their nations, they educate their citizens, because education shapes the attitudes and behaviors and values of citizens. These are qualities that are needed for nation-building and it is only education that will bring those mechanics.

We determine always to be firm stakeholders for providing education to society of the torch-bearers of tomorrow !

Thank you !

Sharan Ratna Sthapit
Founder & Principal



## अब्राहम लिङ्कन
## (१८०९ - ६५)

संयुक्त राज्य अमेरिकाका १६औं राष्ट्रपति अब्राहम लिङ्कन उन्नाइसौं शताब्दीका एक महान् राजनीतिक विचारक र प्रजातान्त्रिक जनअधिकारका कट्टर पक्षधर थिए । उनी मानव-सभ्यताको कलङ्कको रूपमा रहेको तत्कालीन दासप्रथाको विरोधी थिए र त्यसलाई उन्मूलन गर्न चाहन्थे । त्यसैले आफू अमेरिकी इतिहासको पहिलो रिपब्लिकन राष्ट्रपति भएपछि उनले दासप्रथा उन्मूलन गर्ने जमर्को गरे । तर संयुक्त राज्य अमेरिकाका दक्षिणी राज्यहरू उनको सो योजनाको विरूद्धमा उत्रिए, फलस्वरूप अमेरिकी इतिहासको सबैभन्दा कठिन अध्याय अर्थात् भीषण गृहयुद्ध सुरू भयो । तर उनको सक्षम र सुझबुझपूर्ण नेतृत्वले गर्दा दक्षिणी विद्रोहीहरूको पराजय भयो र सदाका लागि दासप्रथाको जरो उखेलियो ।

अमेरिकाको एउटा अत्यन्त विपन्न परिवारमा जन्मेका अब्राहम लिङ्कन एक अत्यन्त प्रतिभाशाली, उच्च विचारक, सुधारक, महान् राजनेता र महानायक थिए नै । साथै उनी एक असल छात्र र शिक्षाको उद्देश्य, प्रयोजन, व्यावहारिकतासमेत आत्मसात गर्न सफल क्षणिक चिन्तक पनि थिए । उनको हत्या अमेरिकी गृहयुद्धको समाप्तिपश्चात् अप्रिल १४, १८६५ मा जोन विल्किस बुथ नामको मञ्चीय अभिनेता तथा दक्षिणी राज्य समर्थकद्वारा हुन पुग्यो ।

प्रस्तुत विचार उनै महान् अब्राहम लिङ्कनका हुन् । यसमा उनी आफ्नो छोरा भर्ना भएको विद्यालयका प्रधानाध्यापकलाई प्रत्यक्ष रूपमा अनुरोध गर्दै यी पंक्तिहरूमा उल्लेख भएजस्तै छोरालाई बनाइदिने चाहना राख्छन् । परोक्षमा लिङ्कन आफ्नो छोराको सन्दर्भ लिएर समाज र देशका राजनीतिकर्मी, प्रशासक र अन्य सरोकारवालाहरूलाई कर्मशीलता, अनुशासन र उत्तरदायित्व बढ्न प्रेरित गर्छन् ।

* प्रस्तुतकर्ता

# मेरो छोरालाई यस्तो बनाइदिनुहोस्
## अब्राहम लिंकनको पत्र प्रधानाध्यापकलाई

मेरो छोरालाई संसारका सबै मानिसहरू इमान्दार हुँदैनन् भन्ने कुरा सिकाउनुहोस्, तर के कुरा पनि सिकाउनुहोस् भने संसारमा जति दुष्टहरू हुन्छन् त्यत्तिकै सज्जनहरू पनि हुन्छन्, स्वार्थी राजनीतिज्ञहरू हुन्छन् भने समर्पित नेताहरू, शत्रुहरू त्यस्तै मित्रहरू पनि हुन्छन् । यो कुरा उसैबाट सिकाउन समय लाग्नेछ तर तपाईं सक्नुहुन्छ भने उसलाई के कुरा सिकाउनुहोस् भने आफैले पसिना बगाएर कमाएको एक रुपैयाँको मूल्य अन्तबाट त्यसै पाएको पाँच रुपैयाँको भन्दा कता हो कता धेरै हुन्छ । तपाईं पराजयलाई सकार्न र विजयमा आनन्द लिन दुवै सिकाउनुहोस् । तपाईं उसलाई पुस्तकहरूमा रहेका अनौठो संसारबारे बताइदिनुहोस् तर उसलाई आकाशमा उड्ने चराहरू, घाममा यताउति भुनभुनाई उडिरहने मौरीहरू, हरियो पहाड र बेंसीमा फुलिरहेका फूलहरू हेर्न र तिनको रहस्यलाई बुझ्न पनि फुर्सद दिनुहोस् ।

स्कुलमा तपाईं उसलाई के कुरा सिकाउनुहोस् भने फेल हुनु चोरी पास हुनुभन्दा कता हो कता सम्मानको कुरा हो । तपाईं उसलाई अरू सबैले गलत नै भने पनि आफ्नै विचारमा आस्था राख्न सिकाउनुहोस् । उसलाई मानिसहरूप्रति नम्र भई चल्न, कठोरहरूप्रति भने कठोरै व्यवहार गर्न सिकाउनुहोस् ।

सबै भीडको पछि लागे भन्दैमा भीडका पछिपछि लाग्न उसलाई नसिकाउनुहोस्, बरु उसलाई सबैको कुरा सुन्न र सुनेका जति सबै कुराबाट सच्चाइको चाल्नामा चालेर निस्केको राम्रो कुराचाहिं लिन सिकाउनुहोस् ।

उसलाई के भन्नुहोस् भने आँखामा आँसु भरिनमा लजाउनुपर्ने कुरा हुँदैन । तपाईं मानवीय गुणप्रति द्वेष गर्नेहरूसँग समेत हाँसी-हाँसी बल र बुद्धि लगाएर चनाखो रहन सिकाउनुहोस् तर हृदय र आत्मालाई बेच्न कहिल्यै नसिकाउनुहोस् । उसलाई आफू सही छु भन्ने लाग्छ भने अरू मानिसहरू जतिसुकै चिच्याईरहून्, आफू आँखा चिम्लेर दह्रो भई अघि बढ्न सिकाउनुहोस् । किनभने यसरी नै फलाम आगोमा खारिएर कडा इस्पात बन्ने गर्दछ । उसलाई अधैर्य बन्न सिकाउनुहोस् तर साहसी बन्न धैर्य पनि सिकाउनुहोस् किनभने यसरी नै ऊ मानवताप्रति महान् आस्था राख्न सक्ने हुन्छ ।

मृगझैं उफ्रँदै खेल्ने उत्कण्ठ जम्जमाउँदा
ढुङ्गा नि सुनझैं बन्छन् पौरखी हातले छुँदा ।

# The Education We Need

The education we need is the education of transformation. Every individual is potentially great. This potentiality has to be recognised and expressed. So a correct modus operandi must be chosen and followed.

First of all, we must enter into the concept of comprehensive education and then our search must be directed towards the pursuit of excellence. Genuine education is comprehensive education with the addendum input of quality assurance. Comprehensive education means the education which embraces all the aspects of life and existence. It is an integrated education where physical, knowledge, moral and spiritual education are fused together to provide a holistic scenario of truth. A true education must prepare us as professional and philosophical at the same time.

Education is the only way out which we can drive away poverty from the face of the world. Every individual should be educated in the sense of professionalism and the resources that are available in Nature are adequate enough to feed up the mass professionalism even if it errupts all at one time. Thus poverty can be made extinct from this globe. But professionalism is not the end of the game of education. It should march further in order to catch up the realms of eternity and infinity for which a sound education in moral and spiritual fields must be there.

Our country has established so many schools, colleges and universities, and there are studying students in lacs and lacs numbers. The government is spending a very great share of the national budget in education. But we have not been able to explore our hidden Einsteins, Newtons, Gandhis, Vivekanandas, Devkotas, B.P. Koiralas, Madan Bhandaris. They are there but lying unrecognized and unidentified by their own nation. So, it is quite clear that there is something wrong in our education - philosophy and action- modality. Let us find out the erros and blunders and make education a crystal something. If we can do this, the future of Nepal will emerge out as the shining sun that comes out from the membrane of thick clouds.

*Er. Ram Babu Khanal*

* * *

Parents who do not educate their offspring are foes because their children in the community are like a crane in the midst of duckling.

Attract the greedy with money; calm down a furious with folded hands and motivate the genius with logic.

# सरस्वती कुञ्ज सेकेन्डरी स्कुल परिचयको आलोकमा

प्रा. डा. कृष्णप्रसाद दाहाल

भिक्षादान, मन्त्रदान, कन्यादान, शिक्षादान, मतदान र रक्तदान, दानहरूमध्ये ज्यादै नै उत्तम दान हुन् । मानव जीवन यिनै दानहरूबाट कृतार्थ हुनेगर्दछ । दान पुण्य कार्य हो । मानवीयताको ज्योति पुञ्ज हो । दानशीलतामा नै जीवन र जगत्‌को नौकाले गति प्राप्त गर्दछ । दया, माया, परोपकार र धर्मले दानमा पल्लवित र पुष्पित हुने मौका प्राप्त गर्दछ । प्रकृतिको दर्शन नै दानमा अडिएको छ । स्थावर र जङ्गमले सबै किसिमको प्राणीको हितमा अथायोग्य वस्तुको दान गरिरहेको छ । पवनले श्वासप्रश्वासको निम्ति वायु प्रदान गरिरहेको छ । नदीले जल वितरण गरिरहेको छ । सूर्यले ताप दिइरहेको कछ । शश्यश्यामला धरतीले अन्नको भण्डार भरिदिइरहेको छ । बोटवृक्षहरूले फलफूल र छायाँद्वारा शीतलत्व, पावनत्वको महिमा बर्साइरहेका छन् । दानको ठीक उल्टो सञ्चय हो । सञ्चयमा तामसतत्व लुकेको हुन्छ । सञ्चयले प्रत्येक मान्छेलाई मान्छे हुनुको अर्थबाट दानव बनाइरहेको हुन्छ । आज विश्वमा जति पनि हिंसा, आतङ्क, चोरी, डकैती भइरहेको छ त्यो सबै दान संस्कृतिलाई जीवन पद्धतिमा नउतार्दा भएको हो । 'म खाऊँ, मैलाऊँ' को तुच्छ विचारले दान संस्कृतिलाई धुमिल बनाइरहेको हुन्छ । 'आफू मिटाई अरूलाई दिनु जहाँ छ' को भावनामा दान संस्कृति दीपशिखाझैं प्रज्वलित भइराखेको हुन्छ । दानशील संस्कृतिलाई जीवनपद्धतिको रूपमा स्वीकार गर्नेहरू मरेर पनि अमर भएका छन् । जस्तो राजा हरिश्चन्द, राजा शिवी, वलिराजा, कर्ण, एकलव्य र दधीचिहरूलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।

उपर्युक्त शाश्वत चिन्तनबाट प्रभावित भएर शरण रत्न स्थापितले आफूलाई शिक्षादानको क्षेत्रमा समर्पित गर्ने उद्देश्यले सरस्वती कुञ्ज स्कुलको स्थापना गर्नुभएको हो । देशको शैक्षिक उद्देश्य परिपूर्तिमा यो विद्यालयले ठूलो योगदान दिइरहेको छ । दक्ष शैक्षिक जनशक्ति यसले उत्पादन गरिरहेको छ । कुनै किसिमको तडकभडक नगरीकन शान्त, सुरम्य शैलीबाट सबै किसिमका विद्यार्थीहरुलाई यसले आफ्नो शैक्षिक बाटिकाको सुन्दर फूल बनाएर फुलाइरहेको छ । यो नै यस विद्यालयको सर्वोत्तम मौलिक पहिचान हो ।

सरस्वती कुञ्ज सेकेन्डरी स्कुलको स्थापना विधिवत् रूपमा वि.सं. २०३९ साल फागुन २ गते भएको हो । श्री शरण रत्न स्थापित प्रारम्भदेखि नै संस्थापक प्रिन्सिपल रहँदै आउनुभएको छ । विद्यालयको संस्थापक अध्यक्षको रूपमा श्रीमती रजनी स्थापित श्रेष्ठ हुनुहुन्छ । उहाँले अहिलेसम्म अध्यक्षको हैसियतले विद्यालयको कार्य सम्पादन गर्दै आइरहनुभएको छ । प्रारम्भमा सातजना विद्यार्थीबाट कक्षा नर्सरी (के.जी.) को पठनपाठन सुसञ्चालन गरिएको थियो । २०४० साल असार महिनासम्म ३२ जना विद्यार्थी उक्त कक्षामा सामेल भएका थिए । सो सालको वार्षिक परीक्षा ३२ जनाले नै दिएका थिए । विद्यालयको स्थापना कालका शिक्षकशिक्षिकाहरूमा शरण रत्न स्थापित, रजनी श्रेष्ठ र सुभद्रा मास्के हुनुहुन्थ्यो ।

रातोपुल, ज्ञानेश्वरलाई स्थायी ठेगाना गराएर शैक्षिक पठनपाठनमा खडा भएको यो विद्यालयले शिक्षा मन्त्रालय जिल्ला शाखाबाट वि.सं. २०४५ साल वैशाख २० गते स्वीकृति प्राप्त गरेको हो । त्यातिखेर यसले कक्षा ५ सममको स्वीकृति प्राप्त गरेको थियो । कक्षा ६ र ७ को स्वीकृतिचाहिँ वि.सं. २०४९ साल जेठ १ गते प्राप्त गर्‍यो । क्रमिक रूपमा कक्षाको तह बढाउँदै जाने क्रममा कक्षा ८ को स्वीकृति प्राप्त गर्न वि.सं २०४९ साल फागुन ४ गते भएको हो । १० वर्षको अवधिमा यो विद्यालयले कक्षा ८ सम्मको स्वीकृति प्राप्त गर्न निकै नै संघर्ष गर्नुपरेको थियो । सेवामूलक ढङ्गबाट आफूलाई प्रस्तुत गरेको हुनाले कक्षा ९ को स्वीकृति प्राप्त गर्न धेरै वर्ष कुर्नु परेन । वि.सं. २०५१ साल असार २६ गते कक्षा ९ को पनि स्वीकृति प्राप्त गर्‍यो । अझ छिटो कक्षा १० को स्वीकृति वि.सं. २०५१ साल चैत्र ३० गते सहज ढङ्गबाट प्राप्त भयो । विद्यालयका प्रिन्सिपलको इमान्दारितालाई शिक्षा मन्त्रालयले उचित मूल्याङ्कन गरेको देखिन्छ ।

यो विद्यालयको एस्.एल्.सी. प्रथम ब्याचले वि.सं. २०५२ मा एस्.एल्.सी. बोर्डमा सामेल हुन पाएको हो । प्रथम ब्याचमा १४ जना विद्यार्थीले एस्.एल.सी. प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए । अहिलेसम्म एस्.एल्.सी. को तेइसौं ब्याचले प्रायः प्रथम श्रेणीमा नै उत्तीर्ण गरेको देखिन्छ ।

रु २५०००/- पच्चीस हजारको मूल पुँजीबाट यो विद्यालयको शैक्षिक कार्यक्रम सुरु भएको थियो । सानो पुँजीबाट प्रारम्भ भएको यो विद्यालयले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो सीपमूलक उत्पादन पठाउन सफल भइरहेको छ । वि.सं २०५२ सालबाट विद्यार्थीलाई ओसारपसार गर्नको निम्ति विद्यालयले आफ्नो निजी बस पनि राखेको थियो । अहिले विद्यालयको पुस्तकालयमा चार लाख भन्दा बढीका पुस्तकहरु सुरक्षित छन् । तीनजना शिक्षक शिक्षिकाबाट पठनपाठन प्रारम्भ भएको यो विद्यालयमा अहिले पूर्णकालिक र आंशिक गरी ३० जना भन्दा बढी शिक्षकशिक्षिकारु कार्यरत हुनुहुन्छ । सातजना कर्मचारी हुनुहुन्छ । कक्षा नर्सरीदेखि कक्षा १२ सम्म झण्डै ४०० जना विद्यार्थीहरु अध्ययनरत छन् । २०७४ सालको एस्.एल्.सी. परीक्षा दिने विद्यार्थी संख्या ११ रहेका थिए ।

विद्यालयलाई प्रारम्भ देखि नै वैज्ञानिक पद्धतिबाट सुसञ्चालन गर्न

सञ्चालक समितिको गठन हुँदै आएको छ । यस स्कुलको सञ्चालक समितिमा निम्नलिखित महानुभावहरु हुनुहुन्छ :

व्यवस्थापन समिति : रजनी स्थापित श्रेष्ठ–अध्यक्ष, उषा लामिछाने–सदस्य, प्रा. डा. कृष्णप्रसाद दाहाल, जितेन्द्र मल्ल– सदस्य, सजनी प्रधान–सदस्य, चन्द्रमान महर्जन–सदस्य, सृजना श्रेष्ठ–सदस्य, शरण रत्न स्थापित–सचिव ।

यस्तै वर्तमान शिक्षक अभिभावक संघमा निम्नलिखित महानुभावहरू हुनुहुन्छः

शरण रत्न स्थापित–अध्यक्ष, श्रृजना श्रेष्ठ, राधालक्ष्मी श्रेष्ठ, सजनी प्रधान, चन्द्रमाथ महर्जन, प्रा. डा. कृष्णप्रसाद दाहाल ।

पनौतीमा पनि यस विद्यालयले आफ्नो शाखा विस्तार गरेको थियो । गुणस्तरीय शिक्षालाई आफ्नो मूलमन्त्र मान्ने यो विद्यालयले सुमन श्रेष्ठ र त्यस बेलाका चाइनिज एम्वेसीका फस्ट सेक्रेटरी लि ह्यनको नेतृत्वमा नेपाल चाइना फ्रेन्डशीप सोसाइटी (नेपा–चीन) संस्था खोली छिमेकी राष्ट्र चीनबाट चाइनिज भाषाका विज्ञहरु झिकाएर वि.सं. २०६२ सालदेखि देशका विभिन्न विद्यालयहरूमा भाषा शिक्षण गराउँदै आइरहेको छ ।

विद्यार्थीहरुलाई किताबी ज्ञानमा मात्रै सीमित गराउनु हुँदैन भनेर बेलाबेलामा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रको भ्रमण विद्यालयले गराउने गरेको छ । प्रायः नेपालका मुख्य पर्यटकीय स्थलहरुमा अध्ययन र अवलोकन गराउने कार्य गराउँदै आइरहेको छ । यसै सन्दर्भमा २०५७ सालमा जर्मनीका मुख्य सहरमा विद्यार्थीहरूलाई शैक्षिक भ्रमणका निम्ति लगिएको थियो । वि.सं. २०६० सालमा भारतको कलकत्ता सहरमा भ्रमण गराइएको थियो । यी दुवै देशका मुख्य–मुख्य सहरहरुमा भएका शैक्षिक, औद्योगिक, धार्मिक, सांस्कृतिक विषयहरूबारे विद्यार्थीहरूले गहिरो अध्ययन र अवलोकन गर्न पाएका थिए ।

यस विद्यालयका संस्थापक प्रिन्सिपल शरण रत्न स्थापित शैक्षिक क्षेत्रमा प्रतिबद्ध र समर्पित नाम हो । उहाँले विद्यालयलाई मुनाफा आर्जन गर्ने थलोको रुपमा कहिल्यै पनि लिनुभएको छैन । उहाँ कृत्रिम शैक्षिक नारामा विश्वास गर्नुहुन्न । विद्यार्थीहरुको भविष्यमाथि खेलबाड गरेर रातारात धनी बन्ने विद्यालयको सूचीबाट उहाँ धेरै टाढा पर्नुहुन्छ । समग्रमा राष्ट्रकै शैक्षिकनीति कसरी माथि उठ्न सक्छ भन्ने कुरामा चिन्ता गर्नुहुन्छ । देश र जनता सुहाउँदो शिक्षानीतिबिना समाज र राष्ट्रले कुनै पनि हालतमा विकास गर्न सकदैन भन्ने दृढ विश्वास राख्नुहुन्छ । शिक्षाले सबै कुरालाई डोर्‍याएको हुन्छ । तसर्थ शिक्षामा लोकतान्त्रीकरण हुनुपर्छ । शिक्षामा लोकतान्त्रीकरण भयो भने राजनीति आपसेआप लोकतान्त्रीकरणतर्फ उन्मुख हुन्छ । सचेत विद्यार्थीले नै राजनीतिलाई गति दिएका हुन्छन् । यही मान्यतालाई प्रिन्सिपल स्थापितले अङ्गीकार गर्नुभएको छ । मूलतः शिक्षाप्रति राज्यले ध्यान नगइरहेको उहाँको गुनासो छ । राज्यले राजनीतिमा भन्दा पनि शिक्षा क्षेत्रमा आमूल परिवर्तन ल्याउनुपर्छ । यो उहाँको सोच रहेको छ । यस्तै सोच लिएर कार्य गरेको हुनाले उहाँलार्य तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालयले २०६२ सालका शिक्षा पुरस्कारद्वारा सम्मान गरेको थियो । उहाँले अन्य यस्तै पुरस्कारहरु प्राप्त गर्नुभएको छ ।

वि.सं. २०५६–२०५७ सालको एस्.एल्.सी. परीक्षामा सर्वोत्कृष्ट स्थान हासिल गरेवापत जिल्ला शिक्षा कार्यलायबाट यो विद्यालयले सम्मानपत्र प्राप्त गरेको थियो । वि.सं. २०६३ सालमा एभरेष्ट फाउन्डेसन नेपालले एस्.एल्.सी. एक्सिलेन्स अवार्डद्वारा विद्यालयलाई सम्मान गरेको थियो ।

सरस्वती कुञ्ज सेकेन्डरी स्कुलले शिक्षाक्षेत्रका अतिरिक्त समाजसेवाका क्षेत्रमा कार्य गरेका उदाहरण थुप्रै छन् । ज्ञानेश्वर रुद्रनगरको सुधार कार्यक्रममा उल्लेखनीय कार्य गरेवापत रुद्रनगर सुधार समितिले वि.सं. २०५५ सालमा कदर पत्रद्वारा सम्मान गरेको थियो । आफू बसेको वडाको विकास र निर्माणमा विशेष चासो देखाउनु यो विद्यालयको विशेषता हो । बाटोघाटो, विजुली, स्वास्थ्यसम्बन्धी कार्यक्रममा आफूलाई कहिल्यै पछि पारेको छैन । टोलवासीले आयोजना गर्ने गरेको कुनै पनि सिर्जनात्मक कार्यमा आफूलाई कहिल्यै अनुपस्थित राखेको छैन । सबै किसिमका राजनीतिक दलसित समान सम्बन्ध स्थापित गरेर आफूलाई प्रस्तुत गरिरहेको छ । बदलिंदो परिस्थितिलाई मुक्तकण्ठले स्वागत गरेर यो विद्यालयले लोकातान्त्रिक पद्धतिको व्यवस्थापनमा जोड दिएको छ । प्रगतिशील विचारद्वारा नै मानिसको विकास सम्भव छ । लोकको भावनाको कदर नगरेसम्म कुनै पनि शासन व्यवस्था लामो समय टिक्न सक्दैन । आफ्नो मौलिक पहिचानलाई नछोडीकन समय सुहाउँदो शासनपद्धतिको पछि लाग्दा मात्रै सिङ्गो राष्ट्रको हित हुने अभिमत विद्यालयका प्रिन्सिपलको रहेको छ ।

गुणस्तरीय शिक्षालार्य व्यवहारमा सशक्त ढङ्गले उतार्न प्रारम्भदेखि नै यो विद्यालयले इच्छाधीन विषयहरुमा लेखा, चित्रकला, गणित, कम्प्यूटरहरुको पठनपाठनका अतिरिक्त साहित्यका विविध विधाहरूमा प्रतियोगितात्मा गोष्ठीहरु गराउने गरेको छ । उपतयकाव्यापी चित्रकला, लोककथा, निबन्ध, कविताजस्ता विद्याहरुमा प्रतियोगात्मक कार्यक्रम सुसञ्चालन गरिसकेको व्यहोरा यहाँ विस्तृत रूपमा दोहो-याइरहनु पर्दैन । अध्ययनरत विद्यार्थीहरुको बेलाबखतमा स्वास्थ्य परीक्षण पनि गराउने गरेको छ । प्रायः समय–समयमा विद्यार्थीहरुलार्य उपत्यकाभित्रका धार्मिक सांस्कृतिक र पुरातात्त्विक स्थानहरुको अवलोकन गराउने कार्यमा पनि यो विद्यालय पछि परेको छैन ।

वि.सं. २०६२ सालको एस्.एल्.सी. परीक्षामा यस विद्यालयका ११ जना विद्यार्थीहरुले विशिष्ट श्रेणी हासिल गरेको थिए । यस विद्यालयबाट एस्.एल्.सी. उत्तीर्णहरु अहिले देश–विदेशमा डाक्टर, इन्जिनियर,

चार्टर एकान्टेन, प्रशासक बनेर कार्य गरिरहेका छन् । कसैले ओद्योगिक/व्यापारिक प्रतिष्ठानहरुको कार्यभार सम्हालिरहेका छन् ।

विद्यालयको गतिविधिलाई जनसमक्ष ल्याउने उद्देश्यले यस विद्यालयले वार्षिक मुखपत्रको रूपमा 'सरस' पत्रिकाले प्रकाशन नियमित रुपमा गर्दै आइरहेको छ । यसभित्र विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभा अभिवृद्धि गर्न उनीहरुले लेखेका रचनाहरुलाई प्राथमिकताका आधारमा समावेश गरिन्छ । शिक्षक, शिक्षिकादेखि लिएर देशका वरिष्ठ विद्वानहरुका लेख-रचना पनि यसमा प्रकाशित गरिन्छ । देशको शैक्षिक नीति कस्तो हुनुपर्छ ? के गरेर बढीभन्दा बढी मानिसलाई शिक्षाको मूलधारमा ल्याउन सकिन्छ भन्ने चिन्तनमूलक सामग्रीलाई समेत बेलामौकामा छाप्ने गरेको छ ।

विद्यालयको प्राङ्गणमा सरस्वती माताको सुनको जलप लगाइएको धातुको मूर्ति स्थापना गरिएको छ । नित्य विद्यालयको पठनपाठन प्रारम्भ हुनुभन्दा अगाडि माता शारदाको चरणकमलमा शिर निहुराएर सरस्वती बन्दना गरिन्छ । मातालाई दाहिने पारेर सबै विद्यार्थीहरुलाई आ-आफ्नो शिक्षण प्रकोष्ठमा प्रवृत्त हुन्छन् अनि पठनपाठन प्रारम्भ हुन्छ ।

यस सरस्वती कुञ्ज सेकेन्डरी स्कुलमा ३६ वर्षदेखि अविच्छिन्न रुपमा पढाइरहनुभएका शिक्षक शिक्षिकाहरु हुनुहुन्छ । कतिपय शिक्षक/शिक्षिकाहरूले त आफ्नो पूरै जवानी नै यहाँ बिताउनु भएको छ । सम्प्रति यस विद्यालयमा विद्यावारिधि (पी.एच.डी) एकजना, स्नाकोत्तर उत्तीर्ण एघारजना, स्नातक उत्तीर्ण एघारजना र प्रमाणपत्र तह उत्तीर्ण दुईजना शिक्षक/शिक्षिकाहरु कार्यरत हुनुहुन्छ । कतिपय त राष्ट्रिय जीवनका विविध क्षेत्रमा नाम चलाइसक्नुभएका व्यक्तित्व पनि यहाँ कार्यरत हुनुहुन्छ । जसलाई विद्यालयको विशिष्ट प्राप्ति मान्नुपर्दछ ।

देश लोकतन्त्र र गणतन्त्रमा प्रवेश गरेर त्यो अनुसारको तिनै तहको निर्वाचन भएर स्थायी सरकार पनि बनिसकेको छ । अब शान्तिक्षेत्र विद्यालय भित्र, वरिपरि, कतैपनि बम र बन्दुक पड्कने छैन । शैक्षिक गुणस्तरका लागि विद्यालयले अब कुनै पनि कठिनाईको सामना गर्नु पर्ने छैन भन्ने आशा हामीले लिएका छौ । राज्यले निजी विद्यालयलाई सौताको जस्तो व्यवहार नगरिकन न्यायोचित व्यवहार गर्नेछ भन्ने आशा लिएका छौं । यदि यो हुनसक्यो भने लोकतान्तिक गणतन्त्रात्मक व्यवस्थाले सार्थकता प्राप्त गर्नेछ । यसका लागि वर्तमान सरकार समक्ष ध्यन आकृष्ट गराउँदछौं ।

सरस्वती कुञ्ज सेकेन्डरी स्कुलले पैंतीसवटा वसन्त पार गरेर छत्तीसऔं वसन्तमा प्रवेश गरेको छ । यी पैंतीस वर्षका दिनहरुमा यस विद्यालयले अनगन्ती घात-प्रतिघात खपेको छ । आफूलाई पैंतीस वर्षको लक्का जवान गराउन हुरी भनेन, झरी भनेन, बाटामा तेर्सिएका काँडा भनेन केही कुराको पर्वाह नगरेर आफूलाई यसले प्रस्तुत गरेको थियो । अनेकौं भौतिक समस्यासित जुध्दैजुध्दै यो यस अवस्थामा आइपुगेको हो । यसका निम्ति विशेष गरेर शरण रत्न स्थापित र रजनी स्थापित श्रेष्ठलाई मुरी-मुरी धन्यवाद दिनैपर्दछ । यी दुई सरस्वतीका वरद पुत्र पुत्रीहरुले खुट्टा कमाइदिनुभएको भए यो विद्यालय उहिले माटोमा हराइसक्ने थियो । इतिहासमा सरस्वती कुञ्ज कतै थियो र भनेर प्रश्न आउने थियो तर त्यो अब हुन पाएन । सरस्वती कुञ्जले नेपालको शैक्षिक इतिहासमा स्पष्ट आफ्नो छाप लगाइसकेको छ । त्यो छाप अब कसैले पनि मेट्न सक्दैन । राज्यको चार पैसा सहयोगबिना निजी लगानी र मिहिनेतका भरमा यो अवधिसम्म विद्यालयलाई ल्याइपुऱ्याउनु भनेको चानचुने कुरो होइन । यस प्रसङ्गमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रजनी स्थापित श्रेष्ठ, सदस्यहरु र विद्यालयका शिक्षक/कर्मचारीहरुको योगदानलाई विर्सन सकिँदैन । अन्त्यमा रजतमहोत्सव मनाइसकेको यो विद्यालयले स्वर्णमहोत्सव मनाउन सक्ने होओस् । यही शुभेच्छासहित विद्यालयको द्रुततर उन्नति र प्रगतिको कामना गर्दछु ।

श्री सरस्वत्यै नमः । अस्तु ।

## नारी शोषण

मौनतामा बाँधिएको अधुरो जीवन
वचन धारिला तरवारले सँधै रेटिन्छ
वन्धन भित्र जकडिएको जीवन
जञ्जीरका बलिया हतकडीले सँधै बाँधिन्छ
एक चिम्टी सिन्दूर र एक लरो पोतेको नाममा
किन सँधै नारीलाई शोषण गरिन्छ ?

*-सरस्वती शाह, पूर्व विद्यार्थी*

## आमा

आमा हुन जननी धौती सृष्टि
सौन्दर्य उन्नति
बगाई दूधको धारा
पार्छिन संसार उर्वरा ।।

# व्यावहारिक शिक्षामा राष्ट्रियताको सन्दर्भ

✱ शरण रत्न स्थापित

*आजको विश्वलाई बुझ्दा नेपालको शिक्षा अति नै आधुनिक र व्यावहारिक हुनु अत्यन्त जरुरी छ । स्कुलमा बच्चाहरुलाई सिकाइने क, ख, ग, घ र ए, बी, सी, डी शिक्षा होइन, सिकाइको माध्यम मात्र हो । बच्चाले क, ख, ग, घ र ए, वी, सी, डी पछि शब्द वाक्य हुँदै धेरै कुरा पढ्न, लेख्न बोल्न जाने र बुझ्ने हुन्छ र उसले परीक्षामा पाउने अङ्कको आधारमा हामी विद्यार्थीहरुलाई पहिला, दोस्रो, तेस्रो भयो भनी स्यावासी र पुरस्कार दिन पनि पछि पर्दैनौं र अभिभावकहरूपनि यसमा मख्ख पर्छन् । शिक्षालाई हामीले यसरी परिभाषित गर्नु हुन्न । शिक्षा त्यो तत्त्व, विचार र सोच हो जसले कुनै पनि व्यक्तिलाई मानिसको रूपमा पहिचान दिन्छ र समाज, राष्ट्र र विश्व परिवेशलाई बुझी त्यस अनुरूप सबैका लागि काम गर्ने बनाउँछ । आज देशको कुना काप्चामा निजी विद्यालयहरूका कारण शिक्षा सुलभ भएका छन् , निजी विद्यालयहरुका कारण आर्थिक क्रियाकलापहरू बढेका छन्, कति मानिसहरूले आफ्नो देश रोजगारीको लागि छोड्नु परेको छैन । नेपालीहरूले शिक्षाको स्वाद आफ्नै ठाँउमा माटोमा बसी, खेली पाउन सकेका छन् । यो देशको लागि, विश्वको लागि, चेतना विकासको लागि अति सकारात्मक कुरा हो ।*

*तर आज निजी विद्यालयहरुको कारण दुई किसिमका नागरिक भए, निजी विद्यालयहरुको आवश्यकता छैन, शिक्षा राज्यको दायित्व हो भन्ने जस्ता नियोजित कुराहरु नियोजित रूपमा जनमाजसमा फैलाइरहेका छन्, जुन आजको समयमा अति असान्दर्भिक कुरो हो । यति मात्र कहाँ हो र ? आज निजी विद्यालयहरुले शिक्षाको नाममा जथाभावी शुल्क उठाई विद्यार्थी अभिभावकहरुमा आतङ्क फैलाइरहेको छ भन्ने जस्ता आरोप लगाउन पनि बाँकी राखेका छैनन् । राज्य सरकारले यस कुरामा चुप लागेर मौन सहमति मात्र दिइरहेको छैन, कारवाही गर्नु पर्छ भनेर विभिन्न समितिहरु बनाएका छन् । केही स्कुलहरूमा अनुगमन पनि गरेका छन् । अजव देशको गजव चाला भनेको सायद यही होला । २०६९ साल जेष्ठ ९ गते सर्वोच्च अदालतले निर्णय सुनायो - तीन वर्षसम्म कुनै पनि निजी विद्यालयले आफ्नो शुल्क बढाउन नपाउने । यही न्यायधीशज्यूले विद्यालयको शुल्क एवं बजारमा कुनै पनि बस्तुको भाउ तीन वर्षसम्म बढाउन नपाउने भनेर निर्णय सुनाउनु भएको भए सबै जनताले राहतको श्वास फेरेका हुन्थे, न्यायधीशज्यूको न्यायमा सबैको वाह वाह हुन्थ्यो । सबै कुराहरुको भाउ बढ्ने, घरपटीले बहाल बढाउने, शिक्षक-शिक्षिका कर्मचारीको तलब बढ्ने, कापी, कलम, देखि लिएर सबै कुराको भाउ बढ्ने तर निजी विद्यालयको शुल्क तीन वर्षसम्म स्थिर रहनु पर्ने, यसबाट निजी विद्यालयहरू आतङ्कित भए । "कही नभएको जात्रा हाडी गाउँमा" भन्थे यस्तै कारणले हुनु पर्दछ ।*

*डिजेलमा मट्टीतेल मिसायो भनेर मट्टीतेल मिसाउने व्यापारीलाई राज्य सरकारले केही गर्दैन । उपाय खोज्छ, मट्टीतेल र डिजेलको भाउ एउटै गऱ्यो भने त डिजेलमा मट्टीतेल मिसाउने कुरा भएन जनताले डिजेल स्वच्छ पाउने भए । तर मट्टीतेल उपभोक्ताको ढाड भाँच्ने काम भयो भनेर कसैले यसको चर्को विरोध गर्दैन, आन्दोलन पनि हुँदैन । जनता वाध्य भएर डिजेलको भाउमा मट्टीतेल किनी प्रयोग गर्दैछन्, यो आतङ्क भएन, यो लुट भएन, साधारण कुरा भयो । यस्तो किन ? मट्टीतेल मिसाउने व्यापारीलाइ कार्यवाही गर्ने कि जनतालाई दन्ड दिने ? अझै पनि कति समयसम्म जनताले मट्टीतेलको लागि डिजेलको भाउ तिरिरहनु पर्ने ?*

*आज निजी विद्यालयहरुको कारण विद्यार्थीहरु शिक्षाको नाउँमा, उच्च शिक्षाको नाउँमा विदेश जानबाट बचेका छन्, आफ्नो देशमा देशको पाठ्यक्रमअनुसारको शिक्षा पाउन सफल भएका छन्, निजी विद्यालयहरुका कारण पुस्तक प्रकाशन, स्टेशनरी, कपडा, टेलरिङ्ग, स्कुलका लगि आवश्यक सामग्रीहरुकोदेखि शिक्षण संस्थाहरुमा लाखौँको संख्यामा देशका नागरिकहरुले रोजगार पाइरहेका छन्, देशको विकासमा हरतरहबाट सहयोग पुऱ्याइरहेका छन् । देशले विद्यार्थीहरूमा राष्ट्रिय सोचको विकास गर्न समर्थ भएका छन् । देशको विकासको लागि होस्टेमा हैँसे गर्ने एउटा जमात तयार भएका छन्, हुँदैछन् । यस्ता निजी शैक्षिक संस्थाहरुबाट भएको योगदानको विचार नै नगरी पूर्णरूपमा निजी शैक्षिक संस्थाहरुको विरोध गर्नु भनेको कतैबाट निर्देषित भएर पूर्वाग्रह सोच राख्नु सिवाय अरु केही होइन । निजी शैक्षिक संस्थाहरु जसमा कमी कमजोरीहरु छन्, ती कमी कमजोरीहरुलाई सबै मिली सुधारी, नयाँ सोचका साथ फराकिलो दृष्टिकोणबाट राज्य सरकार, राजनीतिक दल, विज्ञहरु सबैले सहयोग पुऱ्याउने हो भने निजी शैक्षिक संस्थाहरु, विद्यार्थी, अभिभावकहरुको मात्र नभएर समग्र देशको ठूलो सम्पत्ति हुनेछ ।*

*विश्वका अत्यन्तै आर्थिक रूपमा समृद्ध भएका मुलुकहरु शिक्षा र जनचेतनाको कारणले त्यो स्थानमा पुगेका छन् । मौलिक क्षेत्रका निजी शैक्षिक संस्थाहरुलाई उपेक्षा गरी हतोत्साहित गरी विदेशबाट आएका आर्थिक श्रोत सम्पन्न शैक्षिक संस्थाहरु, मोन्टेश्वरीदेखि कलेजसम्मलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा झनझनै स्थापित गर्ने कुटिल चाल चलेको आभाष आजको समयमा हामी गर्न बाध्य हुँदैछौं । देशभित्रका मौलिक यहाँको भूगोल, इतिहास, नैतिक शिक्षा, सामाजिक शिक्षालाई विस्थापित गरी विदेशी श्रोत साधन, र शक्तिको भरमा चल्ने र चलेका शैक्षिक संस्थाहरुले त कतै भोलिका दिनहरुमा हाम्रा विद्यार्थीहरुको मानसिकतामा आफ्नो अस्तित्व नै भुल्न बाध्य पार्ने त होइन ? यही सोचले, चिन्ताले आज नेपालका शैक्षिक चिन्तन बोकेका बुद्धिजीवीहरू चिन्तित बनेका छन् र यो सोच्न बाध्य पनि भएका छन् - हामी किन उपेक्षित बनिरहेका छौ ? जुन शिक्षामा मौलिकता र राष्ट्रियता रहँदैन, त्यहाँ विद्यार्थीहरुले देशप्रतिको चिन्तन, माया र दायित्वलाई राष्ट्रिय सोचलाई क्रमशः बिर्सदै जानु बाहेक अरु केही हुँदैन । यसर्थ  निजी क्षेत्रका शैक्षिक संस्थाहरुलाई मौलिक देशको समग्र क्षेत्रको विषयमा पाठ्यक्रमहरु समेट्दै देशलाई बुझ्न झन झन प्रेरित गर्दै विद्यार्थीहरुलाई व्यावहारिक शिक्षा प्रदान गर्न राज्यले ठोस रूपमा कदम चाल्नु नै आजको सन्दर्भमा नेपालको शैक्षिक क्षेत्रको निम्ति, राष्ट्रको समृद्धि र देश विकासशमा युवा शक्ति र ऊर्जाको प्रयोगको निम्तिठूलो सकारात्मक सहयोग हुनेछ जसले नेपाल भित्रैबाट अन्तर्राष्ट्रिय प्रतिभावान् विद्यार्थीहरु जन्माउने छ र संसारमा नेपालको नाम राख्नेछ ।*

*कसैको निहित स्वार्थका लागि कसैको निर्देशनमा कसैले शिक्षा क्षेत्रमा राजनीति गर्नु भनेको देशप्रतिको, विकास प्रतिको बेइमानी हो । यसले देश बन्दैन, देश भत्कन्छ, हाम्रो पहिचान रहँदैन । हामीले इमान्दारिता, नैतिकता, धर्म, संस्कार र राष्ट्रियताको विकास नगर्ने हो भने आजैदेखि हामीले देशलाई बिर्सीदिए  हुन्छ, विदेसको दास बनौं, नेपाली नभए के हुन्छ र केही न केही पहिचान त बनी हाल्छ । प्रश्न उठ्छ हामी जस्तो सचेत नागरिकहरूले देशको मालिक बन्ने शिक्षा लिने हो कि सँधै कसैको दान, दक्षिणा र स्वार्थमा दास भएर अनुहार नेपालीको तर मन मस्तिष्क कसैको नियन्त्रणमा राखेर बस्ने ? यसको निर्णय सबैको गोलमेच सम्मेलनबाट टुङ्गो किन नलाउने ? देशभित्र देश खोजेर भौतारिनु नपरोस् । भविष्यका पुस्ताले हामीलाई नसरापून् ।*

* * *

# सरस्वती कुञ्जमा एक दिन




सरस्वती कुञ्ज सेकेण्डरी स्कुल रातोपुल काठमाडौंमा स्थापना भएको, संस्थापक प्रधानाध्यापक शरण रत्न स्थापित र श्रीमती रजनी स्थापित श्रेष्ठ दुइजनाबाट संञ्चालित कक्षा नर्सरी देखि बाह्र सम्मको अध्यापन गराइने, नेपाली कला संस्कृति, राष्ट्र र राष्ट्रियतालाई उँचो बनाउने प्राथमिकतामा राखिएको कुरा धेरै पहिलेदेखि सुन्दै आएकी थिएँ। मैले पनि यस्तो स्कुल भएदेखि हाम्रो विद्यार्थीहरूमा स्वतः ज्ञान सञ्चालित हुने थियो भन्ने मनमा लागेको थियो। सोही बखतमा मलाई रेडियो नेपालमा बाल साहित्य र अनेक कथाहरू लेखेर पत्रिकामा लेख रचना प्रकाशित गरेर आफ्नो पहिचान कमाइसकेका पत्रकार बलराम कोइरालालाई भेटहुँदा उहाँले स्कुलको कुरागर्दा, सरस्वती कुञ्ज स्कुलको सर मेरो पुरानो चिनजान शिक्षा प्रेमी, नेपाल प्रेमी, प्रकृति प्रेमी र राष्ट्र प्रेमी व्यक्तित्व हुनुहुन्छ, उहाँको स्कुलमा राष्ट्रिय प्रेमाभाव प्रकृतिमय र संस्कारयुक्त शिक्षा र नेपाल सुहाउँदो शिक्षा अध्यापन हुन्छ भन्नुभयो। म पनि स्वयम सोही विचार मिल्ने व्यक्ति, धार्मिक व्यक्ति भएको हुनाले स्कुल भ्रमण अवलोकन गर्ने इच्छा देखाएँ, प्रसङ्गवस स्कुलको एउटा विशेष कार्यक्रममा प्रमुख अतिथिको निम्ता आयो, ढुङ्गा खोज्दा देउता मिल्यो भनेझैँ बलराम कोइरालाले पनि हजुरको विचार मिल्ने, आस्था एउटै संस्कारयुक्त पढाइहुने एकचोटि भ्रमण अवलोकन गरी विद्यार्थीलाई हौसला दिन पाए हुन्थ्यो भन्नुभयो। त्यसै बखत प्रमुख अतिथिको निम्ता अस्वीकार गर्ने कुरै भएन। कार्यक्रममा स्कुलमा गएपछि सरले स्कुल स्थापना, स्कुलको अवस्था, संरचना र सिकाई पद्वति आदि बारे सबै कुरा बताउनु भयो। स्कुल सरस्वती बन्दना, गायत्री मन्त्र र राष्ट्रिय गानबाट शुरु गर्ने रहेछ। प्राइभेट स्कुल भए पनि नेपालीत्व झल्कने स्लोगन ठाउँ ठाउँमा राखिएको र नेपालीपन नभुल्ने गरी पढाउने कुरा थाहा पाएँ। नेपाली संस्कारयुक्त शिक्षा दिइँदो रहेछ। यी सबै कुरापछि कार्यक्रममा मलाई स्वागत सँगै पुरस्कार वितरण गर्ने जिम्मा लागाइयो। प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण गरियो। कार्यक्रम भव्य रूपले, संस्कारयुक्त तरिकाले सम्पन्न भयो। एउटा प्राइभेट स्कुल, दुईजना श्रीमान् श्रीमतीले संञ्चालित स्कुल साँच्चै नमूना स्कुल लाग्यो। पठनपाठन, सिकाई, व्यावहारिक शिक्षा आहा ! यस्तो विद्यालय होस् भन्ने अनूभूति भयो मलाई। असल अनुशासित विद्यार्थी, कर्मचारी व्यवस्थापनको जमघट नै स्कुलको सफलता ठान्ने आफ्नै स्वामित्वमा जग्गा जमिन नभएर भाडाको घरमा बस्दा ठाउँको अभाव देखियो। यस्तो संस्कारयुक्त शिक्षा दिने स्कुललाई सरकारी तवरबाट सहयोग सद्भाव र संरक्षण हुनुपर्ने देखिन्छ। दुईजना श्रीमान् र श्रीमतीले संञ्चालन गरेको विद्यालयबाट उत्पादित विद्यार्थी कहाँकहाँ पुगे के के भए र प्रगति कति गरे होलान् भनी साध्यै छैन। यस्ता धरोहर उत्पादन गर्ने विद्यालय आज स्थापनाको ३५औं वर्ष पूरागरी ३६औं वर्षगाठ मनाउन लागिरहेको सुन्दा, हर्ष विभोर छु। दुवैजना श्रीमान् श्रीमती र सिँगो विद्यार्थी विद्यालय व्यवस्थापन परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

जय सरस्वती कुञ्ज स्कुल

उही सुना भण्डारी

समाजसेवी, कमलादी, काठमाडौं।

# मेरो अनुभवमा सरस्वती कुञ्ज



**बलराम कोइराला**

म अध्ययन र रोजगारीको अपेक्षा गरी दुर्गम जिल्ला खोटाङ्ग सावाकटहरेबाट यो भिडको सहर काठमाडौँमा प्रवेश गरेको थिएँ । यो भिड ब्यस्त सहर स्वार्थी मानिसको भिडमा जम्न रम्न सारोगाह्रो भइरह्यो तै पनि आफ्नो बाध्यता अवस्थाको कारण सहरमा बस्नै पर्ने प्रमुख विषय अध्ययनलाई अगाडी बढाउनुनै पर्ने थियो । अप्ठ्यारा आरोह अवरोहलाई झेल्दै छिचोल्दै यो स्वार्थी ब्यस्त सहरमा बस्ने अवस्था आइपर्‍यो । एक प्रकारको अप्ठ्यारो महशुस गर्दागर्दै परिस्थिती बस यही सहरमा बस्ने अठोट गरे सायद २०५२/२०५३ सालतिर हुनुपर्छ । मेरो स्थायी जागिरमा प्रवेश शुरु भयो, कलेज अध्ययनलाई सहजता मिल्यो त्यसै समयमा म पत्रकारितातिर झुकाव राख्ने केही साथीमिलेर त्रैमासिक पत्रिका प्रकाशन शुरु गरे । त्यसको व्यवस्थापन र प्रकाशनको जिम्मेवारी मैले नै पाएको थिएँ। त्यही सिलसिलामा म सरस्वती कुञ्ज स्कुलसँग भित्रिने मौका पाएँ स्कुल ज्ञानेश्वर रातोपुलमा थियो । म पहिला प्रिन्सिपल श्री शरण रत्न स्थापितसँग भेटेँ, सम्मानजनक रूपबाट उहाँले मलाई सहयोग सद्भाव र आत्मबल समेत दिनुभयो । थुप्रै स्कुलमा जाने म अरु स्कुलभन्दा फरक शैली प्रस्तुति व्यवहार र मितव्ययीता आर्दश कुराकानी यी सबै फरक आत्मीयता पाएँ, फलस्वरूप स्कुलको वातावरण पढाइ सिकाई पद्धति अनुशासन आदि बारेमा बुझ्ने मौका पाएँ। त्यसै समय र अवसरमा मैले पनि अतिरिक्त कक्षा उदघोषण तालिम प्रशिक्षण गर्ने मौका मिल्यो यो मौका समेतले सरस्वती कुञ्ज स्कुल मेरो मनमस्तिष्क मुटुमा बस्ने बाटो बन्यो । म जतिबेला स्कुल गएर प्रिन्सिपल शरण रत्न स्थापित जुझारु, योग्य र व्यावहारिक व्यक्तित्व हुनुहुन्थ्यो आज पनि उही अवस्था परिवेशमा हुनुहुन्छ र उहाँको छोरा सरस म स्कुल प्रवेश गर्दा तातेताते गरी हिड्ने र तोतेबोली बोल्न सिक्दै थिए तर आज तिनै सरस योग्य अनुशासित विद्यार्थी बनिसकेका छन् । उनले ब्याचलर दोस्रो वर्ष पूरा गरिसकेका छन् । मेरो आगमन अविचलित छ सरस्वती कुञ्ज प्रवेश गर्दाको कालो केश अव बिस्तारै सेतो हुन लाग्दैछ । अविचलित म बेला मौकामा शुभचिन्तकको हैसितले स्कुल जाने आउने क्रम रोकिएको छैन । यो लामो आवत जावतले मैले के बुझेको छु भने सरस्वती कुञ्ज स्कुलले सिंगो राष्ट्रियता बोकेको छ । यस स्कुलले ३६ वर्ष प्रवेश गरेको छ । ३५ वर्षे स्कुल वर्ष कमाउने भन्दा गुमाउने बढी भयो । कमाउने त मात्र राष्ट्रियता, पहिचान, गुणस्तर ब्यावहारिक शैक्षिक नीति देखिएको छ । स्कुलबाट हालसम्मै फाईदा नलिई विशुद्ध राष्ट्रियता र पहिचानमूलक शैक्षिक शिक्षा संस्कारयुक्त हुनु पर्नेमा जोड दिएर अघि बढिरहेको छ भन्ने मेरो ठम्म्याई छ । स्कुल विद्यार्थी संख्याको सट्टा सकारात्मक सोच लिएर अघि बढेको देखिएको छ । स्कुललाई संस्कारमा कहिल्यै कमजोर मैले देखिन । प्रिन्सिपलमा सधैँ ऊर्जा, कर्तव्यनिष्ठ, व्यावहारिकताको पहिचान रहिरह्यो । स्कुलको स्थायी भवन अभाव, स्कुल सिंगो एक्लै संचालन प्रचारात्मक अभियान र महत्वकाङ्क्षी योजना र अन्य ब्यवहारिक कुरा मिलाउन नसकेको होकी भन्ने मेरो ठम्याई छ । अन्य कुरामा स्कुल सदाबहार छ । अलिकति राजनीतिकाकुरामा अव्यावाहारीक कुराको विरोध गर्ने र कोहीकोहीलाई बुद्धि नभएको नेताहरू भनेर गाली गर्न समेत पछि नपर्ने प्रिन्सिपलका कडाविचार सुन्न योग्य लाग्छन् । यी बाहेक सबै विचारणीय कुरा अविस्मरणीय छन् । सदाबहार प्रिन्सिपल आफ्नो सबैकुरा सम्झी विहान बेलुका स्कुलकै कुना कुनामा रमाउन चाहनु हुन्छ । उहाँलाई सहयोग गर्ने सहयोगीहातको कमी हो कि जस्तो लाग्छ तर योग्य कर्मयोगी उहाँकी धर्मपत्नी रजनी स्थापित श्रेष्ठले ठूलो भूमिका निभाउनु भएको छ । राष्ट्रले नदेखेको नबुझेको सरस्वती कुञ्जमा अथाह राष्ट्रियता भाव झल्केका छन् । यी भाव लुकेर बसेका छन् । यी बाहिर आउनु पर्छ भनेर म बेला बेलामा झस्काइरहन्छु । पढाइमा केही कमि छैन तर विद्यार्थी संख्यामा केही कमि देखिन्छ । यो पूर्ति भएमा सरस्वती कुञ्ज साँच्चै नै सरस्वतीको मन्दिर बन्न सक्छ अनि राष्ट्र राष्ट्रियताको नजर यता पर्छ भन्ने लाग्छ । साहित्यलाई पनि सरस्वती कुञ्जले कला साहित्यलाई संझिराखेको छ पत्र-पत्रिका मार्फत । सरस स्मारिकाको प्रकाशन हरेक ५ वर्षमा हुँदै आएकोमा २५औं वर्ष र ३० औं वर्षको प्रकाशनमा पनि मेरो भूमिका रहेको थियो । अहिले ३६ औं वर्ष प्रवेश गर्दा पनि स्कुलमा एउटा शुभचिन्तकको हैसियतले मेरो निरन्तरता छ । यो क्रम रोकिएको छैन र रोकिने छैन पनि । सरस्वती कुञ्ज निरन्तर अघि बढ्छ, त्यसको पछि स्थापित सर र रजनी म्याडम लाग्नु हुन्छ र उहाँलाई सबैको साथ चाहिन्छ र सबैको साथ निरन्तर रूपमा रहोस् भन्ने शुभकामना छ ।

★★★